# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETIN

**BROADCAST: 18:40hrs** **Date:23.12.2025**

***आर. तेलङले सिक्किमका राज्यपाललाई भेटे***

सिक्किमका मुख्य सचिव रवीन्द्र तेलङले आज लोकभवनमा सिक्किमका राज्यपाल ओमप्रकाश माथुरसित भेट गर्नुभयो । राज्यपालले राज्यको विकास प्रगतिको बारेमा छलफल गर्नुभयो र सिक्किमको निरन्तर प्रगति सुनिश्चित गर्न, केन्द्र सरकारका योजनाहरूको समयमै कार्यान्वयनमा जोड़ समेत दिनुभयो । श्री माथुरले सिक्किमको विकासको लागि महत्तवपूर्ण, विशेष गरी सड़क सम्पर्क, डिजिटल सम्पर्क आदि पूर्वाधार विकासको महत्तवमाथि प्रकाश पार्नुभयो। श्री तेलङले राज्यपाललाई पूर्ण रूपमा कार्यान्वयन गरिने आश्वासन दिनुभयो।

---

***इन्द्र कुमार***

चेम्जोङ साहित्यिक पुरस्कार 2026 गेजिङ जिल्ला नजिकैको साक्योङका प्रख्यात लिम्बू लेखक, इन्द्र कुमार लिम्बूलाई, लिम्बू साहित्यमा लामो समयदेखि पुऱ्याएको योगदानको निम्ति प्रदान गरिनेछ। 1 जनवरी, 2026 मा प्रख्यात लिम्बू विदवान तथा भाषाविद् इमान सिंह चेम्जोङको 122 औं जन्मजयन्तीको अवसरमा यो पुरस्कार प्रदान गरिनेछ । उपन्यासकार, कवि र गीतकार लिम्बू दशकौंदेखि लिम्बू साहित्यित आन्दोलनसँग सम्बन्धित छन् र लिम्बू भाषा तथा रचनात्मक लेखनको विकास र प्रवर्द्धनमा उनको भूमकाको लागि व्यापक रूपमा उनलाई श्रेय दिइन्छ।

---

***सि ए पी सिक्किमद्वारा एस के एम र एस बि एस माथी गम्भीर वित्तीय अनियमितताको आरोप***

सि ए पी सिक्किमले 2017-2018 देखि 2022-2023 को अवधिको लागि भारतको नियन्त्रक तथा महालेखा परीक्षकबाट प्राप्त निष्कर्षलाई उद्धत गर्दै सत्तारूढ़ सिक्किम क्रान्तिकारी मोर्चा सरकार र स्टेट बैंक अफ सिक्किम माथी गम्भीर वित्तीय तथा प्रशासनिक अनियमितताको आरोप लगायेकोछ । हिजो रानीपुलमा पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै सि ए पी प्रवक्ता अल्बर्ट गुरूङले पछिल्लो लेखापरीक्षण प्रतिवेदनमा, सिक्किममा गहिरो जरा गाड़ेको वित्तीय कुप्रबंधन र भ्रष्टाचार खुलासा भयेको बताए। गुरूङले लेखापरीक्षण प्रतिवेदनमा बताइए अनुसार प्रशासनिक असफलताहरूले सिक्किमका वित्तीय संस्थाहरूलाई बर्बाद पारेको आरोप समेत लगाए।

---

***कल्याणी देवनलाई हिजो रमफुमा भव्य स्वागत गरियो***

मिसेस इन्डिया लिगेसा दिवा 2025 को उपाधि विजेता कल्याणी देवनलाई हिजो घर फर्कदा सिक्किमको प्रवेशद्वारा रमफुमा भव्य स्वागत गरियो। श्रीमती देवानालाई 18 डिसेम्बरमा गुरूग्राममा आयोजित एक भव्य समारोहमा मिसेस इन्डिया लिगेसी दिवा 2025 को उपाधि प्रदान गरिएको थियो। श्रीमती देवानले यस वर्षको शुरूमा सिक्किम ग्ल्यामर वर्ल्डद्वारा आयोजित टियारा मिसेस सिक्किम 2025 को उपाधि पनि जितेकी थिइन्।

***आनन्द महिन्द्रा सिक्किम सुन्दरी***

प्रसिद्ध उद्योगपति आनन्द महिन्द्राले हिमालयको सबैभन्दा असाधारण बोटबिरूवाहरू मध्ये एक- सिक्किम सुन्दरी- तर्फ ध्यान आकर्षित गरेका छन् जसले भारतको प्राकृतिक सम्पदा बारे अनलाइन चर्चा शुरू गरेको छ। यो बोट पूर्वी हिमालयको दुर्गम अल्पाइन क्षेत्रमा 4000 देखि 4800 मिटरको उचाइमा पाइने रिपोर्ट गरिएको छ। वनस्पति नाम रियम नोबिल भयेको यो बोट- त्यहाँ फस्टाउँछ जहाँ अरू थोरै मात्र फस्टाउँछन्। स्थानीय रूपमा चुका भनेर चिनिने, सिक्किम सुन्दरीको जीवनचक्रालाई महिन्द्राले धैर्यमा उत्कृष्ट वर्ग भनेर वर्णन गरे। वर्षौंसम्म कहिलेकाहीं दशकौंसम्म, यो बोट पातहरूको एक समूहको रूपमा रहन्छ र विश्वको सबैभन्दा कठोर वातावरण मध्ये एकमा चुपचाप ऊर्जा जम्मा गर्छ। त्यसपछि, एक नाटकीय पलमा, यो लगभग दुई मिटर अग्लो हुन्छ, आकर्षक, प्यागोडा जस्तो फूल बनाउँछ, आफ्नो बीउ छोड्छ र त्यसपछि मर्छ जसलाई- मोनोकार्पी भनिन्छ।

---

***एम एल ए भेट्रेन्स गोल्ड कप***

डेञ्जोङ लोसुङ नामसुङ चेसोङको अवसरमा बर्फुङ समष्टिको रालाङ स्थित केजीआर सामुदायिक खेल मैदानमा रालोङ बोरोङ कम्युनिटीद्वारा आयोजित पहिलो राज्य स्तरीय एमएलए भेट्रेन्स गोल्ड कप फोर्टी प्लसको फाईनल खेल आज सम्पन्न भयो । समापन अवसरमा सिक्किम सरकारका मुख्यमन्त्री प्रेम सिंह तामाङ प्रमुख अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो । फाईनल खेलको मुख्यमन्त्री तामाङले बर्फुङ निर्वाचन समष्टिको रालङ खेल मैदानमा बर्षेनी यसरी लोसुङ नामसुङ उत्सव आयोजना गर्ने गरिएको बताउँदै सबैमा लोसुङ, नामसुङ, तमु ल्होछार, नयाँ बर्ष र क्रिसमस पर्वको हार्दिक शुभकामना पनी दिनुभयो।

---